# पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको
# सञ्चालक निर्वाचन सम्बन्धी
# निर्देशिका
# २०८३

तानसेन
सिमेन्ट

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड
### रजिष्टर्ड कार्यालय
### थापाथली -११, सेन्ट्रल बिजनेस पार्क,
### काठमाडौं।

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको
## सञ्चालक निर्वाचन सम्वन्धी निर्देशिका, २०८३

**प्रस्तावनाः**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको नियमावलीमा उल्लेख भए बमोजिम यस कम्पनीको संस्थापक एवम् सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचन सम्बन्धी कार्यलाई निष्पक्ष, पारदर्शी र सहज तरिकाले सम्पन्न गर्नका लागि कम्पनीको नियमावलीको नियम २७(६) ले दिएको अधिकार प्रयोग गरी यस कम्पनीको मिति २०८३/०१[illegible]५मा बसेको सञ्चालक समितिको बैठकले यो सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८३ बनाई लागू गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः**

(क) यस निर्देशिकाको नाम पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८३ रहेको छ।

(ख) यो निर्देशिका तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) **"कम्पनी"** भन्नाले पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडलाई सम्झनु पर्छ।

(ख) **"समिति"** भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ।

(ग) **"अध्यक्ष"** भन्नाले कम्पनीको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) **"सञ्चालक"** भन्नाले संस्थापक र सर्वसाधारण शेयरधनी समूहबाट नियूक्त हुने सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र सञ्चालक समेतलाई सम्झनु पर्छ।

(ङ) **"निर्वाचन"** भन्नाले यस निर्देशिका बमोजिम निर्वाचन हुने सञ्चालकको निर्वाचन सम्झनु पर्छ।

(च) **"निर्वाचन अधिकृत"** भन्नाले सञ्चालकको निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्न समितिद्वारा नियम ३ बमोजिम नियूक्त व्यक्तिलाई सम्झनु पर्छ।

(छ) **"सहायक निर्वाचन अधिकृत"** भन्नाले निर्वाचन अधिकृतले नियम ३ बमोजिम नियूक्त गरेको सहायक निर्वाचन अधिकृत सम्झनु पर्छ।

(ज) **"मतदान अधिकृत"** भन्नाले सञ्चालकको निर्वाचन तथा मतदान कार्यमा सहयोग गर्न निर्वाचन अधिकृतद्वारा नियूक्त व्यक्ति वा व्यक्तिहरुलाई सम्झनु पर्छ।

(झ) **"कर्मचारी"** भन्नाले निर्वाचन कार्यको लागि खटिएका कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) **"मतदाता"** भन्नाले यस निर्देशिका बमोजिम मतदान गर्न योग्य नियम ५ बमोजिमको मतदाता सम्झनु पर्छ।

(ट) **"मतपत्र"** भन्नाले निर्वाचन अधिकृतबाट तोकिए बमोजिमको विभिन्न दरको शेयर संख्या उल्लेख भई निर्वाचन प्रयोजनका लागि प्रयोग हुने मतपत्रलाई सम्झनु पर्छ।

(ठ) **"नियमावली"** भन्नाले कम्पनीको नियमावली (संशोधन समेतलाई) सम्झनु पर्छ।

(ड) **"प्रोक्सी"** भन्नाले कम्पनीको शेयरधनीले आफ्नो सट्टामा यसै कम्पनीको अन्य शेयरधनीलाई रीतपूर्वक नियूक्त गरेको प्रतिनिधिलाई सम्झनु पर्छ।

(ढ) **"शेयर"** भन्नाले कम्पनीको शेयर पुँजीको विभाजित अंशलाई सम्झनु पर्छ।

(ण) **"शेयरधनी"** भन्नाले कम्पनीको शेयरधनीको रुपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(त) **"सचिव"** भन्नाले समितिको सचिव भई काम गर्ने कम्पनी सचिवलाई सम्झनु पर्छ।

(थ) **"मतदान केन्द्र"** भन्नाले निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकिएको स्थानलाई सम्झनु पर्छ।

(द) **"संरक्षक"** भन्नाले कम्पनीको नाबालक शेयरधनीको हकमा निजको संरक्षक भनि शेयरधनीहरुको दर्ता किताबमा नाम उल्लेख भएको व्यक्तिलाई सम्झनु पर्छ।

(ध) **"अनुसूची"** भन्नाले यस निर्देशिकामा उल्लेखित अनुसूची सम्झनु पर्छ।

(न) **"साधारण सभा"** भन्नाले कम्पनी ऐन, २०६३ तथा नियमावली बमोजिम कम्पनीको शेयरधनीहरुको विशेष साधारण सभा वा वार्षिक साधारण सभालाई सम्झनु पर्छ।

## परिच्छेद -२

## निर्वाचन सम्बन्धी व्यवस्था

**३. निर्वाचन अधिकृतको नियूक्तीः**

(क) साधारण सभाद्वारा मतदान गराई सञ्चालक समितिमा संस्थापक र सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धी कार्य गर्न प्रचलित कानून, कम्पनीको प्रबन्धपत्र, नियमावली र यस निर्देशिकाको अधिनमा रहने गरी निर्वाचन गराउने कार्यका लागि समितिले स्वतन्त्र तथा निष्पक्ष कुनै एक व्यक्तिलाई निर्वाचन अधिकृतको रुपमा नियूक्त गर्नेछ।

(ख) निर्वाचन सम्बन्धी कार्यमा निर्वाचन अधिकृतलाई सहयोग पुऱ्याउन निर्वाचन अधिकृतले आवश्यक संख्यामा सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरु समेत नियूक्त गर्न सक्नेछ।

(ग) निर्वाचन अधिकृतले आफ्नो सबै अधिकार वा केही अधिकार सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ।

(घ) निर्वाचनको लागि आवश्यक पर्ने प्रशासनिक सहयोग, जनशक्ति, सुरक्षाको व्यवस्था कम्पनीले उपलब्ध गराउनेछ।

(ङ) निर्वाचन अधिकृतको पारिश्रमिक तथा सुविधा लगायत कुनै बैठक बसे बापतको भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

(च) निर्वाचन अधिकृतले देहाय बमोजिम कार्य सम्पादन गर्नु पर्नेछः

क. निर्वाचन कार्यक्रम प्रकाशन गर्ने,

ख. मतदाताको शुरु नामावली प्रकाशन गर्ने,

ग. प्रकाशित मतदाता नामावलीउपर परेको दावी विरोधको उजुरी उपर छानविन गरी निर्णय गर्ने,

घ. मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने,

ङ. उम्मेदवारको मनोनयन पत्र तथा सोसंग सम्बन्धित योग्यता कागजातहरुको जाँच गर्ने,

च. उम्मेदवारको प्रथम नामावली प्रकाशन गर्ने,

छ. उम्मेदवारको प्रकाशित नामावलीउपर परेको दावी, विरोधको उजुरीमा आवश्यक छानविन गरी निर्णय दिने,

ज. उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

झ. प्रतिनिधि-पत्र/ वारिसको जाँच गर्ने र आवश्यकता अनुसार रद्ध गर्ने,

ञ. मतदानको समय तोक्ने,

ट. मतपत्रमा सही गर्ने जसमा दुरुस्त हस्ताक्षर **(Facsimile Signature)** प्रयोग गर्न सकिनेछ,

ठ. मतपत्र रद्ध गर्ने,

ड. मतपत्र गणना गर्ने,

ढ. मत परिणाम घोषणा गर्ने,

ण. निर्वाचित सञ्चालकलाई प्रमाणपत्र दिने,

त. निर्वाचन पश्चात निर्वाचन प्रयोजनमा प्रयोग भएका सम्पूर्ण कागजात लगायतका सामानहरु कम्पनीमा बुझबुझारथ गर्ने,

थ. आवश्यक भए निर्वाचनको कार्यविधि आफैं बनाई समितिको परामर्शमा लागू गर्ने,

द. निर्वाचन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(छ) निर्वाचन अधिकृतको कार्यालयः सञ्चालकको निर्वाचन प्रयोजनका लागि निर्वाचन अधिकृतको कार्यालय यस कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं वा समितिले निर्वाचन प्रयोजनका लागि तोकी दिएको स्थानमा रहनेछ।

## परिच्छेद -३

## निर्वाचन कार्यक्रमको सूचना

४. **निर्वाचन कार्यक्रमको सूचना:**

समितिको निर्णय अनुसार नियूक्त निर्वाचन अधिकृतले संस्थापक वा सर्वसाधारण वा दुवै समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन कार्यक्रम अनुसूची -१ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतको कार्यालयमा रहेको सूचना पाटीमा प्रकाशित गरी सो टाँस गरेको मुचुल्का बनाई अभिलेखमा राख्नु पर्नेछ।

## परिच्छेद -४

## मतदाता

५. **मतदाताः**

(क) कम्पनीको शेयरमा स्वामित्व भएको संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुले सो कम्पनीले माग गरेको शेयर वापतको रकम चुक्ता गरेको शेयरधनीहरु सोही समूहको लागि मतदाता हुनेछन्।

(ख) साझा रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारद्वारा नियूक्त साझेदारले वा निजले नियूक्त गरेको प्रतिनिधि (प्रोक्सी) ले र सो बमोजिम नियूक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा वर्णानुक्रम अनुसार पहिले नाम उल्लेख भएका साझेदारले मात्र मतदान गर्न पाउनेछन्।

(ग) कुनै कम्पनी वा संगठित संस्थाले कम्पनीको शेयर खरिद गरेको अवस्थामा त्यस्ता निकायको तर्फबाट सञ्चालक समितिको निर्णय अनुसार अधिकार दिई खटाईएको वा मनोनित गरी पठाएको प्रतिनिधिले मतदान गर्न पाउनेछ।

(घ) साधारण सभामा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले अनुसूची -२ बमोजिमको ढाँचामा प्रोक्सी फारम भरी सभा शुरु हुन तोकिएको समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय रहेको स्थानमा दर्ता गरी सक्नु पर्नेछ।

(ङ) प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्दा कम्पनीको शेयरधनीलाई मात्र नियूक्त गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट प्रतिनिधि भई मतदान समेत गर्न पाउनेछ।

(च) शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई दिएको प्रोक्सी वदर हुनेछ।

(छ) प्रोक्सी रद्ध गर्न वा नियूक्त गरी सकेको प्रोक्सीलाई रद्ध गरी अर्को प्रोक्सी नियूक्त गर्न चाहेमा वा आफैं सभामा उपस्थित भई मतदान गर्न चाहेमा सो को लिखित सूचना सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।

(ज) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन।

(झ) कुनै संगठित संस्था, कम्पनी वा नेपाल सरकारले कम्पनीको शेयर खरिद गरेको रहेछ भने तिनीहरुले ईच्छाएको व्यक्ति वा नियूक्त गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले मतदान गर्न सक्नेछ। तर, कम्पनी ऐन, २०६३ वा नियमावली बमोजिम कुनै संगठित संस्था, कम्पनी वा नेपाल सरकारलाई तोकिएको संख्यामा सञ्चालक नियूक्त हुने छुट दिएकोमा त्यस्तो अधिकार पाएका संगठित संस्थाले वा निजको प्रतिनिधिले मतदान गर्न पाउने छैन।

(ञ) मतदानको प्रयोजनका लागि जुन समूहको शेयरधनी वा प्रोक्सी हो, निजले सोही समूहको उम्मेदवारलाई मात्र मतदान गर्न पाउनेछ।

## ६. मतदाता नामावली प्रकाशनः

(क) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम प्रकाशित भएपछि शेयर शाखा वा शेयर रजिष्ट्रार वा कम्पनी सचिवले उपलब्ध गराएको शेयरधनीहरुको लगतको आधारमा सञ्चालकको निर्वाचनमा भाग लिन पाउने मतदाता/ शेयरधनीको नाम, निजले लिएको शेयर संख्या, निजलाई प्राप्त मत संख्या उल्लेख गरी अनुसूची -३ बमोजिको ढाँचामा मतदाता नामावली प्रकाशन गर्नेछ।

(ख) नियम ६(क) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाता शेयरधनीको नाम छुट भएको दावी गरी दर्ता गराउने वा दर्ता भएको कुनै मतदाताको नाम, निजले लिएको शेयर संख्या वा मत संख्या वा अन्य कुनै व्यहोरा सच्याउने वा दर्ता हुन नपर्ने कुनै मतदाताको नाम हटाउने सम्बन्धमा दावी विरोध गर्न निर्वाचन अधिकृतले तोके बमोजिमको समय दिइनेछ।

(ग) मतदाता नामावलीमा नाम छुटपुट भए वा संशोधन गर्न परे वा मतदाताको योग्यताको विरोध गरी उजुरी दिनको लागि दुई जना मतदाताको सिफारिश साथ दरखास्त दिन आएमा निर्वाचन अधिकृतले जाँचबुझ गरी मतदाता नामावलीमा थपघट गर्नु पर्ने भएमा आवश्यक थपघट गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछ। यसरी उजुरी गर्न रु. १,०००/- (एकहजार रुपैयाँ) धरौटी राख्नु पर्नेछ र उजुर गलत भएमा धरौटी जफत हुनेछ।

## ७. मतदाता नामावली स्वीकार्य हुनेः

(क) नियम ६(ग) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सो मतदाता नामावलीमा कुनै हेरफेर वा थपघट हुने छैन र निर्वाचन कार्यका लागि स्वीकार्य हुनेछ।

(ख) कुनै मतदाताको नाम, थर, ठेगाना वा अन्य विवरण प्रकाशित गर्दा सामान्य त्रुटी (टाईप गर्दा व्याकरणको सामान्य त्रुटी) भएको कारणले मात्र कुनै उम्मेदवार बन्ने वा मतदान गर्ने अधिकारबाट बञ्चित गरिने छैन।

**८. मतदाता नामावली वा निर्देशिका हेर्ने वा प्रतिलिपि लिनेः**

मतदाताले मतदाता नामावली वा निर्वाचन निर्देशिका हेर्न वा प्रतिलिपि लिन चाहेमा सो नामावली वा निर्देशिका नबिगारी/ केरमेट नगरी/ नच्यातिने गरी हेर्न वा प्रतिलिपी लिन सक्नेछ। कुनै मतदाताले मतदाता नामावली वा निर्वाचन निर्देशिकाको प्रतिलिपी माग गरेमा प्रतिपृष्ठ रु. १०/- दस्तुर लिई उपलव्ध गराइनेछ। साथै पेन्ड्राइभ वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणमा प्रतिलिपी लिन चाहेमा प्रति व्यक्ति रु. १,०००/- दस्तुर लिई उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद -५

## उम्मेदवार तथा मनोनयन पत्र

**९. सञ्चालक पदको उम्मेदवार हुनका लागि दरखास्त दिनु पर्नेः**

(क) सञ्चालक पदको लागि उम्मेदवार हुन इच्छुक संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुले निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको मिति, समय र स्थानमा अनुसूची -४ बमोजिमको ढाँचाको मनोनयन पत्र भरी जुन समूहको उम्मेदवार बन्ने हो सोही समूहकको एक जना प्रस्तावक र एक जना समर्थक समेतको दस्तखत गराई निर्वाचन अधिकृतले तोकेको स्थानमा आफू स्वयम् वा वारिस नियूक्त गरी मनोनयन पत्र दर्ता गराउनु पर्नेछ। यसरी दरखास्त पठाउँदा दरखास्तका साथ सञ्चालक पदको उम्मेदवारीको लागि दस्तुरवापत (फिर्ता नहुने गरी) रु. ५,०००/- (अक्षरेपी पाँचहजार रुपैयाँ) बुझाउनु पर्नेछ।

(ख) वारिसनामा अनुसूची -५ बमोजिमको ढाँचामा भरी निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ।

(ग) सञ्चालक पदको उम्मेदवारले मनोनयन पत्र दर्ता गराउँदा मनोनयन पत्रसाथ देहायको कागजात संलग्न गरी मनोनयन पत्र साथ पेश गर्नु पर्नेछः

क. नेपाली नागरिकताको प्रमाणपत्र।

ख. अघिल्लो आ.व. को कर चुक्ताको प्रमाणपत्र।

ग. उम्मेदवारको मनोनयन दर्ता गर्ने मितिसम्म ३ महिना भित्रको कर्जा सुचना केन्द्रबाट कालो सूचिमा समावेश नभएको प्रमाण।

घ. संगठित संस्थाको हकमा संगठित संस्थाको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, संगठित संस्थाको अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र, उम्मेदवारको मनोनयन

दर्ता गर्ने मितिसम्म ३ महिना भित्रको कर्जा सुचना केन्द्रबाट कालो सूचिमा समावेश नभएको प्रमाण।

ङ. संगठित संस्थाको तर्फबाट मनोनयन पत्र दर्ता गर्ने ब्यक्तिलाई संगठित संस्थाको सञ्चालक समितिको निर्णयको प्रति, संस्थाको छाप, नागरिकताको प्रमाणपत्र र अख्तियार प्राप्त व्यक्तिको अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र, उम्मेदवारीको मनोनयन दर्ता गर्ने मितिसम्म ३ महिना भित्रको कर्जा सुचना केन्द्रबाट कालो सूचिमा समावेश नभएको प्रमाण।

(घ) उम्मेदवारको मनोनयन पत्र दर्ता गरेपश्चात अनुसूची -६ बमोजिमको ढाँचामा उम्मेदवारी मनोनयन पत्र दर्ता गरेको निस्सा उम्मेदवार वा निजको वारिसलाई दिइनेछ।

## १०. उम्मेदवारको योग्यता:

(क) शेयरधनीको रुपमा कम्तीमा १००० (एकहजार) कित्ता शेयर ग्रहण गरेको,

(ख) कम्तीमा २१ बर्ष पुगेको,

(ग) कम्पनीले माग गरेको शेयरको रकम चुक्ता गरेको,

(घ) कम्पनी ऐन, २०६३ र कम्पनीको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानूनले कम्पनीको सञ्चालक हुन बन्देज नगरेको,

## ११. उम्मेदवारको दरखास्त रद्ध हुने:

देहायको अवस्थामा सञ्चालक पदको उम्मेदवारी रद्ध हुनेछ:

(क) कम्पनीले माग गरेको शेयरको रकम चुक्ता नगरेको,

(ख) प्रस्तावक र समर्थकले कम्पनीले माग गरेको शेयर रकम चुक्ता नगरेको,

(ग) प्रस्तावक र समर्थक कम्पनीको शेयरधनी नभएको,

(घ) नियम १३ अनुसार सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनि गरिएको दावी विरोध प्रमाणित भएमा,

(ङ) यस निर्देशिकाको नियम ९(ख) बमोजिमको कागजात पेश नगरेमा,

(च) मनोनयन पत्रमा त्रुटी भएको खण्डमा तत्काल त्रुटी सच्याउन मिल्ने वा सो उपरको प्रमाण पुग्ने भएकोमा बाहेक पेश भएको त्रुटीयूक्त मनोनयन पत्र।

## १२. उम्मेदवारको प्रथम नामावली प्रकाशनः

निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको मिति तथा समय भित्र दर्ता भएका उम्मेदवारहरुको मनोनयन पत्रको जाँचबुझ गरी उम्मेदवारहरुको प्रथम नामावली अनुसूची -७ बमोजिमको ढाँचामा प्रकाशन गरी निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा टाँस गरी राख्नु पर्नेछ।

**१३. उम्मेदवार उपरको दावी विरोध:**

(क) नियम १२ बमोजिम प्रकाशित उम्मेदवारको प्रथम नामावली उपर उम्मेदवारको योग्यता पुगेको छैन भनि उम्मेदवार वा शेयरधनीले प्रमाण सहित अनुसूची -८ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतको कार्यालयमा दावी विरोधको उजुरी गर्न सक्नेछ।

(ख) उपनियम (क) बमोजिम दावी विरोधको उजुरी परेमा सम्बन्धित उम्मेदवारलाई सफाईको मौका दिई छानविन गरी निर्वाचन अधिकृतले निर्णय दिनु पर्नेछ।

(ग) निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ र सफाईको मौका दिने सम्बन्धी सूचना सञ्चालक निर्वाचन प्रयोजनका लागि निर्वाचन अधिकृतले टेलिफोन/ एसएमएस मार्फत सम्बन्धित उम्मेदवारलाई जानकारी गराउन सक्नेछ वा तोकेको स्थान वा कम्पनीको सूचना पाटीमा टाँस गर्नेछ।

(घ) उम्मेदवार उपर परेको दावी विरोधको उजुरीमा निर्वाचन अधिकृतबाट निर्णय भई कायम हुन आएको उम्मेदवारको नामावली अनुसूची -९ बमोजिमको ढाँचामा प्रकाशन गरिनेछ।

**१४. उम्मेदवारले नाम फिर्ता लिने:**

सञ्चालक पदमा उम्मेदवार हुनको लागि दरखास्त दिने उम्मेदवारले आफैं उपस्थित भई वा प्रतिनिधि/ वारिस नियूक्त गरी आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र अनुसूची -१० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र त्यसरी दरखास्त पर्न आएमा निर्वाचन अधिकृतले उम्मेदवारको नामावलीबाट निजको नाम हटाउनेछ। साथै उम्मेदवारको अन्तिम नामावली प्रकाशन भई सकेपछि पनि समितिको अध्यक्षको स्वीकृतीले कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछ।

**१५. उम्मेदवारको अन्तिम नामावली प्रकाशन:**

नियम १३ बमोजिम दावी विरोधको उजुरी उपर निर्णय भएपछि र नियम १४ बमोजिम नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लेखित समयमा उम्मेदवारको अन्तिम नामावलीको सूचना निर्वाचन अधिकृतले अनुसूची -११ बमोजिमको ढाँचामा प्रकाशित गर्नेछ।

**१६. निर्विरोध निर्वाचित घोषित गर्ने:**

उम्मेदवारको संख्या निर्वाचन गरिने आवश्यक पदको संख्या वा सो भन्दा कम भएमा निर्वाचन अधिकृतले उम्मेदवारको अन्तिम नामावलीमा नाम प्रकाशित भएका उम्मेदवारलाई निर्विरोध निर्वाचित भएको सूचना अनुसूची -१२ बमोजिमको ढाँचामा प्रकाशित गर्नेछ र सो कुरा साधारण सभामासमेत घोषणा गरी निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिनेछ।

## परिच्छेद -६

## मतदान तथा मत परिणाम घोषणा

**१७. मतदान केन्द्रः**

निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रमको सूचनामा उल्लेखित स्थानमा मतदान केन्द्र हुनेछ।

**१८. मतपत्रः**

(क) अनुसूची -१३ बमोजिमको ढाँचा अनुरुपको विभिन्न दर (शेयर संख्या) उल्लेख भएको मतपत्र हुनेछ। सुविधा अनुसार निर्वाचन अधिकृतले ५०, १००, ५००, १,०००, ५,०००, १०,०००, ५०,००० र १,००,००० सम्म मत संख्या **(Denomination)** भएका मतपत्रहरु प्रयोगमा ल्याउन सक्नेछ।

(ख) उक्त मतपत्रमा अनिवार्य रुपमा कम्पनीको छाप तथा निर्वाचन अधिकृतको दस्तखत हुनेछ। निर्वाचन अधिकृतले दस्तखतको रुपमा छाप समेत प्रयोग गर्न सक्नेछ।

**१९. मतपेटीकाः**

(क) मतदानको लागि निर्वाचन अधिकृतले तोके बमोजिमको मतपेटीका प्रयोग हुनेछ।

(ख) मतदान केन्द्रमा आवश्यकता अनुसार मतपेटीका राखिनेछ।

(ग) निर्वाचनमा प्रयोग गरिने खाली मतपेटीका उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरुलाई देखाई निजहरुकै रोहबरमा मतपत्र खसाउने स्थानमात्र खुल्ला राखी शिलबन्दी गरी मतदान हुने स्थानमा राखिनेछ र अनुसूची -१४ बमोजिमको ढाँचामा सो को मुचुल्का गराइनेछ।

(घ) मतदान कार्य सकिए पछि निर्वाचन अधिकृतले मतपेटीकाको मतपत्र खसाउने स्थान उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा शिलबन्दी गरी मतगणना स्थलमा लैजानु पर्नेछ।

(ङ) मतपेटीका साथ उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि/ वारेस आउन चाहेमा आउन दिनु पर्नेछ।

**२०. वारिस वा प्रतिनिधि राख्न पाउनेः**

(क) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, नाम फिर्ता लिन र मतदान केन्द्रमा प्रतिनिधि नियूक्त गर्न चाहेमा सो कुराको लिखित अख्तियारी वा सूचना निर्वाचन अधिकृतलाई दिई वारिस वा प्रतिनिधि नियूक्त गर्न पाउनेछ।

(ख) प्रत्येक उम्मेदवारले मतदान केन्द्र (मतगणना स्थल) मा आफैं नबस्ने भएमा एक जना मात्र वारिस वा प्रतिनिधि नियूक्त गरी खटाउन सक्नेछ।

## २१. मताधिकार प्रयोग गर्ने विधी:

(क) सञ्चालक निर्वाचनका लागि मतदान गर्दा जुन समूहको शेयर धारण गरेको हो सोही समूहमा समूहकृत भई प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नु पर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुन आउने संख्या बराबरको मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सबै मत एउटै उम्मेदावरलाई वा एकभन्दा बढी उम्मेदवारलाई निजले तोकेबमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ।

(ख) मतदाताको नामावलीमा रुजू गरी रेजा (√) चिन्ह लगाई जम्मा दिनुपर्ने जति मतपत्र सही गराई मतदातालाई उपलब्ध गराईनेछ।

(ग) एक पटकमा एकजना मतदातालाई मात्र मतदानका लागि मतदान गर्ने कोठामा प्रवेश गर्न दिइनेछ।

(घ) मतदान समयभित्र मतदान केन्द्रमा प्रवेश गरी सकेका मतदाताहरुलाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइनेछ।

(ङ) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्दा आफ्नो कायम रहेको शेयर संख्या उल्लेख नभएमा, तथा कुनै पनि शेयरधनीले आफूले लिएको शेयर भन्दा बढी संख्या उल्लेख गरी प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सी बदर हुनेछ। तर, आफूले धारण गरेको शेयर भन्दा घटी हुने गरी प्रोक्सी दिएमा घटी संख्याको प्रोक्सीलाई मात्र मान्यता दिईनेछ।

(च) आफ्नो सम्पूर्ण वा आंशिक शेयरको लागि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेकोमा सभामा स्वयम शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

(छ) कुनै पनि शेयरधनीले शेयर विभाजन गरी एक भन्दा बढीलाई प्रोक्सी मुकरर गर्न पाईने छैन। त्यस्तो विभाजन गरी दिएको प्रोक्सी स्वतः बदर हुनेछ।

(ज) यस निर्देशिकाले तोकेको ढाँचा भन्दा फरक प्रोक्सी फारम बदर गर्न सकिनेछ।

## २२. प्रवेश निषेध:

(क) मतदान केन्द्रमा उम्मेदवार, निजको वारिस, प्रतिनिधि, निर्वाचन कार्यक्रमका लागि खटिएका आधिकारिक कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश दिइने छैन।

(ख) मतदानको लागि तोकिएको समय समाप्त भएपछि मतदान केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिनेछ।

(ग) शारीरिक रुपले अशक्त मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ।

## २३. मतदान स्थगित गर्ने:

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम स्थगित गर्नेछ।

(ख) काबु बाहिरको परिस्थिति उत्पन्न भई निर्वाचन अधिकृतलाई मतदान स्थगित गर्न वाञ्छनीय लागेमा समितिका अध्यक्षसंग परामर्श गरी निजबाट आदेश लिई निर्वाचन कार्य स्थगित गराउन सकिनेछ।

**२४. मतदान सकिए पछि शिलबन्दी गर्ने:**

मतदानको कार्यक्रम सकिएपछि बाँकी रहेको मतपत्र, मतदानमा सहभागीको नामावली निर्वाचन अधिकृतले खाम भित्र शिलबन्दी गरी राख्नु पर्नेछ र वितरण भएको मतपत्रको संख्या समेत खाम बाहिर खुलाउनु पर्नेछ।

**२५. मतगणना:**

(क) मतगणना स्थलमा मतपेटीका पुऱ्याएपछि मतपेटीका खोलिएको र मतगणना प्रारम्भ हुने अनुसूची -१५ बमोजिम मुचुल्का खडा गरी निर्वाचन अधिकृतले यथासम्भव छिटो मतगणना कार्य शुरु गर्नु पर्नेछ।

(ख) मतगणना कोठामा निर्वाचन अधिकृत, निजले तोकेको कर्मचारी, उम्मेदवार वा निजको प्रतिनिधी/ वारिस बाहेक अन्य ब्यक्तिलाई प्रवेश निषेध गरिनेछ।

(ग) मतगणना सम्बन्धी कार्यमा उठाइएको मुचुल्काहरुमा उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि/ वारिसको सही हुन नसकेमा सो को कारण खुलाई निर्वाचन अधिकृतले मात्र सही गरे पनि मान्य हुनेछ।

(घ) मतपेटीका खोली मतपत्र खन्याई खाली मतपेटीका उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि/ वारिसलाई देखाई बन्द गर्नु पर्नेछ।

(ङ) प्रत्येक उम्मेदवारले पाएको सदर मत र बदर मतको गणना निर्वाचन अधिकृतले अनुसूची १६ बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

(च) मतगणना गर्दा निम्न लिखित मतपत्रहरु बदर हुने हुँदा त्यस्ता मतपत्रहरु छुट्याउनु पर्नेछ।

क. निर्वाचन अधिकृतको सही तथा कम्पनीको छाप नभएको,

ख. मत संकेत नबुझिने गरी केरमेट भएकोमा, टिपेक्स लगाएको भएमा, मतपत्र च्यातिएको वा प्वाल परेको वा फोहोर भएमा,

ग. मतदान नगर्ने भनि निर्वाचन अधिकृतलाई मतपत्र फिर्ता दिइएमा,

घ. मतपत्र जाली भएमा,

ङ. मत संकेत बाहेक अन्य संकेत उल्लेख भएमा।

(छ) मत गणना शुरु गरे पछि सम्पन्न नहुँदासम्म मतगणनाको कार्य निरन्तर जारी राख्नु पर्नेछ र मतगणनाको कार्यमा बाधा विरोध पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले गणना स्थलबाट बाहिर निकाल्न सक्नेछ।

(ज) मतगणनाको कार्य समाप्त भएपछि खसेको मतपत्र र प्रत्येक उम्मेदवारले पाएको सदर मत, बदर मतसमेत उल्लेख गरी उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि/ वारिसको सही गराई अनुसूची -१७ बमोजिमको ढाँचामा अन्तिम मतगणना विवरण तयार पारी सो को घोषणा गर्नु पर्नेछ। उम्मेदवार वा निजको प्रतिनिधि/ वारिसको दस्तखत हुन नसकेमा निर्वाचन अधिकृतको मात्र सही भए पनि पर्याप्त हुनेछ।

(झ) निर्वाचन अधिकृतले घोषणा गरेको अन्तिम मतगणनाका आधारमा निर्वाचित उम्मेदवारलाई अनुसूची -१८ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ।

**२६. पुनः मतगणनाः**

(क) यस निर्देशिकामा जुनसुकै व्यवस्था उल्लेख भए तापनि मतगणना समाप्त नहुँदै वा समाप्त भएपछि पनि निर्वाचन परिणामको घोषणा हुनु भन्दा पहिले कुनै उम्मेदवार वा निजको प्रतिनिधि/ वारिसले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराई पाउँ भनि तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ।

(ख) उपनियम (क) मा उल्लेख भए बमोजिमको निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सञ्चालक समितिको अध्यक्षको सहमतीमा पुनः मतगणना गर्न सक्नेछ।

(ग) पुनः मतगणना गर्दा निर्वाचन अधिकृतले सो स्थानमा रहेका उम्मेदवार वा निजको प्रतिनिधी/ वारिसलाई समेत पुनः मतगणना गर्न लागेको व्यहोराको सूचना दिनु पर्नेछ।

(घ) पुनः मतगणना माग गर्ने उम्मेदवार वा निजको प्रतिनिधि/ वारिसले नियम २६(क) को निवेदनका साथ रु. १०,०००/- धरौटी राख्नु पर्नेछ।

(ङ) धरौटी वापतको रकम पुनः मतगणना हुँदा मत परिणाम फरक आएमा फिर्ता हुनेछ र साविक बमोजिमकैमत परिणाम आएमा निर्वाचन अधिकृतले जफत गर्नेछ।

**२७. मत बराबर भएमाः**

मतगणना कार्य पुरा भई सकेपछि कुनै उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारको बीचमा गोला हाली निर्णय गर्नु पर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवार निर्वाचित भएको मानिनेछ।

**२८. शपथः**

निर्वाचित सञ्चालकले अनुसूची -१९ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

## परिच्छेद -७

## विविध

**२९. सम्पर्कः**

निर्वाचन अधिकृतले समितिसंग सम्पर्क राख्दा कम्पनीका सचिव (कम्पनी सचिव) मार्फत राख्नु पर्नेछ।

**३०. निर्वाचन सम्बन्धी कागजातः**

मत गणना सम्पन्न भएपछि निर्वाचनको सिलसिलामा प्रयोग भएको सबै कागजातहरु निर्वाचन अधिकृतले अनुसूची २० बमोजिमको ढाँचामा कम्पनी सचिवलाई बुझबुझारथ गरी ६ महिना सम्म सुरक्षित रुपमा राख्नको लागि निर्देशन दिनु पर्नेछ।

**३१. उम्मेदवारको मृत्यु भएमाः**

सञ्चालक पदका लागि उम्मेदवार भएको कुनै उम्मेदवारको निर्वाचनको परिणाम प्राप्त हुनु अगावै मृत्यु भएको कारणले निर्वाचन कार्यक्रममा कुनै असर पर्ने छैन। तर, मतदान हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको अवस्थामा उम्मेदावरको नाम हटाइनेछ।

**३२. अधिकार प्रत्यायोजनः**

यस निर्देशिका बमोजिम निर्वाचन अधिकृतले आफूलाई प्राप्त अख्तियारी समानान्तर रुपमा प्रयोग नहुने गरी सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत लगायत निर्वाचन कार्यमा खटीने कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। तर, निर्वाचन अधिकृतले अख्तियारी प्रत्यायोजन गरेको कारणबाट निर्वाचन अधिकृत आफैंले निर्देशिका बमोजिमको काम कारवाही गर्न कुनै बाधा पर्ने छैन।

**३३. निर्वाचन अधिकृतको निर्णय अन्तिम र बन्धनकारी हुनेः**

निर्वाचन प्रक्रिया, मतगणना, मत परिणाम र निर्वाचन अधिकृतको अधिकार अन्तर्गतको कुनै पनि निर्णय एवम् कारबाही प्रकृया अन्तिम र उम्मेदवार, शेयरधनी, समिति सबैलाई बन्धनकारी हुनेछ।

**३४. असल नियतले गरेको कामः**

निर्वाचन अधिकृतले काम गर्दा असल नियतका साथ पूर्ण ईमान्दारिताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्ने हुँदा निजको कामको विषयलाई लिएर अनावश्यक विवाद सिर्जना गर्न वा नालिश/ उजुर गर्न पाईने छैन।

**३५. निर्देशिकाको संशोधनः**

यस निर्देशिकाको संशोधन/ थपघट गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिलाईमात्र हुनेछ।

**३६. निर्देशिकाको व्याख्या गर्ने अधिकारः**

यस निर्देशिकाको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ। सञ्चालक समितिले गरेको व्याख्या अन्तिम हुनेछ।

*अनुसूची -१*

नियम ४ संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड

थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं

### निर्वाचन कार्यक्रमको सूचना

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने .................. समूहको सञ्चालक पदको निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | मतदाताको प्रथम नामावली प्रकाशन गर्ने | | | | |
| २. | मतदाता नामावलीमा दावी विरोध र संशोधन गर्ने | | | | |
| ३. | मतदाता नामावलीमा छानविन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | | | |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | |
| ५. | मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरुको प्रथम नामावली प्रकाशन गर्ने | | | | |
| ६. | उम्मेदवारीको विरोधमा उजुरी दिन सक्ने | | | | |
| ७. | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गरी उम्मेदवारको नामावली प्रकाशित गर्ने | | | | |
| ८. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | | | | |
| १०. | मतदान गर्ने | | | | |
| ११. | मतगणना गर्ने | | | | |
| १२. | परिणाम घोषणा गर्ने | | | | |
| १३. | शपथ लिने | | | | |

कम्पनीको छाप:

दस्तखत:

निर्वाचन अधिकृत:

मिति:

*अनुसूची -२*

नियम ५(घ) संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**प्रोक्सी फारम (प्रतिनिधि पत्र)**

श्री सञ्चालक समिति,
पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड,
रजिष्टर्ड कार्यालय, थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे।

.............................. जिल्ला, ......................................... म.न.पा./ उ.प.न.पा./ न.पा./ गा.पा., वडा नं. ..... बस्ने म/ हामी ..................................................... ले यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८.../..../.... गते .......................... का दिन हुने कम्पनीको ... औं वार्षिक साधारण सभामा म/ हामी स्वयम उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/ हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ............................. जिल्ला, ........................... म.न.पा./ न.पा./ गा.पा., वडा नं. ... बस्ने श्री ............................. लाई मेरो/ हाम्रो प्रतिनिधि नियूक्त गरी पठाएको छु/ पठाएका छौं।

प्रतिनिधि नियूक्त भएको व्यक्तिको
हस्ताक्षरको नमूना:
शेयरप्रमाणपत्र नं.:
शेयरधनी/ हितग्राही परिचय नं.

मिति:

निवेदकको
दस्तखत:
नाम:
ठेगाना:
शेयर प्रमाणपत्र नं.:
शेयरधनी/ हितग्राही परिचय नं.
शेयर संख्या:

*अनुसूची -३*

नियम ६ संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

**<u>मतदाता नामावली</u>**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने .................... समूहको सञ्चालक पदको निर्वाचनको लागि यस कम्पनीको संस्थापक/ सर्वसाधारण शेयर खरिद गरी संस्थापक/ सर्वसाधारण शेयरधनीको रुपमा नाम दर्ता भई मतदाता कायम रहेका मतदाताहरुको नामावली प्रकाशित गरिएको छ।

| क्र.सं. | नाम, थर | ठेगाना | बाबुको नाम | शेयरधनी/ बि.ओ.आई.डी नं. | शेयर संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

दस्तखत: कम्पनीको छाप:

निर्वाचन अधिकृत:

मिति:

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक निर्वाचन

*अनुसूची -४*

नियम ९(क) संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

## उम्मेदवारको मनोनयन पत्र

**(प्रस्तावकले भर्ने)**

महोदय,

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ......................... समूहतर्फको सञ्चालक पदको निर्वाचनको लागि श्री ..................................................... लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु। निजको विवरण देहाय बमोजिम छ।

१. नाम, थर: ................................................................ उमेर: .................... लिङ्ग: ..................
   ठेगाना: ............................................................................................................................
२. पिता/पतिको नाम र थर: .................................................................................................
३. मतदाता नामावलीमा मेरो नाम समावेश भएको छ र तत् सम्बन्धी विवरण निम्न बमोजिम छ।
   नाम/ थर .................................................... ठेगाना ..........................................................
   मतदाता नामावलीमा क्र.सं. .......................... बि.ओ.आई.डी. नं. ..............................................
   मिति: .......................................

..................

**प्रस्तावक**

**(समर्थकले भर्ने)**

प्रस्तावक श्री .............................. ले माथी उल्लेख गरे बमोजिम पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ..................................... समूहतर्फ सञ्चालक पदको निर्वाचनको लागि श्री .............................. लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

१. नाम, थर: .................................................... ठेगाना: ..........................................................
२. मतदाता नामावलीमा क्र.सं. .............................. बि.ओ.आई.डी. नं. ...........................................
   मिति: .......................................

..................

**समर्थक**

**(उम्मेदवारले भर्ने)**

मलाई श्री .............................................. ले प्रस्ताव गरी उम्मेदवार मनोनयन गरे बमोजिम पाल्पा सिमेन्ट इन्डष्ट्रिज लि.को सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने .............................................. समूहतर्फको सञ्चालक पदको निर्वाचनको लागि उम्मेदवार हुन मञ्जुर छ। साथै कम्पनी ऐन, २०६३, कम्पनीको प्रबन्धपत्र तथा नियमावली, सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८३ एवम् प्रचलित नेपाल कानूनद्वारा सञ्चालक पदमा उम्मेदवार हुन म योग्य छु। कथम् कदाचित सो बमोजिमको योग्यता नपुगेको वा अयोग्यता देखिएमा यसैलाई आधार मानी मेरो उम्मेदवारी वदर भएमा मलाई मञ्जुर छ। नेपाली नागरिकताको प्रमाणपत्र, अघिल्लो आ.व. को कर चुक्ताको प्रमाणपत्र र कालो सूचीमा समावेश नभएको प्रमाण लगायत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८३ बमोजिमका सम्पूर्ण कागजातहरु यसैसाथ संलग्न गरेको छु।

मिति: .......................................

..................

**उम्मेदवार**

**(निर्वाचन अधिकृतले भर्ने)**

यो मनोनयन पत्र मिति ............................................ को दिनको .................... वजे उम्मेदवार/ उम्मेदवारको वारेस श्री .................................................... ले मेरा समक्ष दाखिल गरेको हो।

मिति:

निर्वाचन अधिकृत:

*अनुसूची -५*

नियम ९(ख) संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**<u>वारिसनामा</u>**

श्री निर्वाचन अधिकृतज्यू,
निर्वाचन अधिकृतको कार्यालय,
पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड,
थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं।

महोदय,

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ...................... शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्न, उम्मेदवारी फिर्ता लिन, मतगणनाको लागि प्रतिनिधिको रुपमा श्री .......................................... लाई वारिस मुकरर गरेको छु। निजले गरेको काममा मेरो पूर्ण मञ्जुरी छ।

मिति:

सही:
नाम थर:
शेयरधनी/ बिओआईडी नं.
ठेगाना:

**उपरोक्त बमोजिम वारेस बस्न मेरो मञ्जुरी छ।**

मिति:

सही:
नाम थर:
शेयरधनी/ बिओआईडी नं.
ठेगाना:

**उपरोक्त बमोजिमको वारेसनामा मेरो समक्ष दाखिल भएको हो।**

मिति:
समय:

दस्तखत:
निर्वाचन अधिकृत:

*अनुसूची -६*

नियम ९(घ) संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

### उम्मेदवारी मनोनयन पत्र दर्ता गरेको निस्सा

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ................................... समूहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचनमा उम्मेदवार हुनको लागि मिति ........................... गतेका दिन ....... बजे यस कम्पनीको रजिष्टर्ड कार्यालय/ निर्वाचन अधिकृतको कार्यालयमा श्री ................................... को मनोनयन पत्र दर्ता भयो।

कम्पनीको छाप:

....................

निर्वाचन अधिकृत:

मिति:

*अनुसूची -७*

नियम १२ संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड**

**<u>उम्मेदवारको प्रथम नामावली</u>**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको .............................. समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचनको लागि देहायको शेयरधनीबाट मनोनयन पत्र दर्ता भएकोले सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गरिएको छ। प्रकाशित उम्मेदवारको नामावली उपर दावी विरोधको उजुरी भए सो को लिखित सूचना ........................ समय भित्र दर्ता गराउन हुन सम्बन्धित सरोकारवालाको जानकारीको लागि सूचित गरिएको छ।

| क्र.सं. | उम्मेदवारको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | नाम, थर | पिता/ पतिको नाम | ठेगाना | उमेर | लिङ्ग | |
| | | | | | | |

दस्तखत: कम्पनीको छाप:

निर्वाचन अधिकृत:

मिति:

*अनुसूची -८*

नियम १३(क) संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**<u>उम्मेदवार उपरको दावी विरोध</u>**

श्री निर्वाचन अधिकृतज्यू,
निर्वाचन अधिकृतको कार्यालय,
पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड,
थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं।

महोदय,

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको .............................. समूहको शेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुनको लागि दर्ता नं. ......... मा मनोनयन पत्र दर्ता भएका श्री ...................................................... निम्नलिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु।

**<u>उजुरीको कारण:</u>**

मिति: सही:
समय: नाम:
उम्मेदवार/उम्मेदवारको वारेस/ शेयरधनी ठेगाना:

**(निर्वाचन अधिकृतले भर्ने)**

यो उजुरी मिति .......................... को दिन ...... वजे मनोनित उम्मेदवार/ उम्मेदवारको वारेस/ श्री ....................................................... ले मेरा समक्ष दाखिल गरेको हो।

सही:
निर्वाचन अधिकृत:

**<u>निर्णय</u>**

मैले निम्नानुसार यो उजुरी उपर जाँच गरे र निम्न लिखित बमोजिम निर्णय गरे।

**<u>निर्णयको संक्षिप्त व्यहोरा</u>**

मिति: सही:
समय: निर्वाचन अधिकृत:

*अनुसूची -९*

नियम १३(घ) संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

### <u>दावी विरोध उपर निर्णय भई कायम उम्मेदवारको नामावली</u>

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको .................................. समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचनको लागि मनोनयन पत्र दर्ता गराएका उम्मेदवारको प्रारम्भिक नामावली उपर परेका दावी विरोध उपर मिति ......................... मा जाँचबुझ तथा छानविन गरी कायम रहन आएका उम्मेदवारको नामावली प्रकाशित गरिएको छ।

| क्र.सं. | नाम, थर | पिता/ पतिको नाम | ठेगाना | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दस्तखत: कम्पनीको छाप:

निर्वाचन अधिकृत:

मिति:

*अनुसूची -१०*

नियम १४ संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

## उम्मेदवारी फिर्ता लिएको सूचना

श्री निर्वाचन अधिकृतज्यू,
निर्वाचन अधिकृतको कार्यालय,
पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड,
थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं।

महोदय,

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ........................ समुहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुन मैले मनोनयन पत्र दाखिला गरेकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुसीले उम्मेदवारी फिर्ता लिन यो निवेदन पेश गरेको छु।

मिति: सही:

नाम:

ठेगाना:

**(निर्वाचन अधिकृतले भर्ने)**

यो सूचना मिति ..................... का दिनको ........... बजे म समक्ष दाखिल भएको हो।

सही:

निर्वाचन अधिकृत:

**(निर्णय)**

माथि उल्लेख गरे बमोजिमको सुचनाको व्यहोरामा सत्यता भएको/ नभएकोले श्री .................... को नाम उम्मेदवारीबाट हटाउने/ नहटाउने निर्णय गरे।

मिति: सही:

समय: निर्वाचन अधिकृत:

*अनुसूची -११*

नियम १५ संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**<u>उम्मेदवारको अन्तिम नामावली</u>**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको .................................. समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचनको लागि मनोनयन पत्र दर्ता गराएका उम्मेदवारलाई उम्मेदवारी फिर्ता लिन तोकीएको समयपश्चात कायम रहन आएका देहायका उम्मेदवारहरुको उम्मेदवारी कायम रहने गरी उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिएको छ।

| क्र.सं. | नाम, थर | पिता/ पतिको नाम | ठेगाना | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दस्तखत: कम्पनीको छाप:

निर्वाचन अधिकृत:

मिति:

*अनुसूची - १२*

नियम १६ संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

### <u>निर्विरोध निर्वाचित उम्मेदवारको नामावली</u>

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ................................. समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुँदा निर्वाचन प्रक्रियाबाट निर्वाचित गर्नु पर्ने सञ्चालक संख्या बराबर/ कम मात्र उम्मेदवारी कायम रहेको हुँदा उम्मेदवारको अन्तिम नामावली बमोजिमका निम्नानुसारका उम्मेदवार यस कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको व्यहोरा जानकारीका लागि प्रकाशित गरिएको छ।

| क्र.सं. | नाम, थर | पिता/ पतिको नाम | ठेगाना | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दस्तखत:

कम्पनीको छाप:

निर्वाचन अधिकृत:

मिति:

*अनुसूची -१३*

नियम १८(क) संग सम्बन्धित

<u>मतपत्रको नमुना</u>

*सि.नं. ........*

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड**

**सञ्चालक पद ......................... समूहको निर्वाचनको मतपत्र**

मत संख्या (अङ्कमा ..........................., अक्षरमा ..........................................................)

निर्वाचन अधिकृत: ........................................................... दस्तखत: .........................

...................................................................................................................................

*सि.नं. ........*

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड**

**सञ्चालक पद ......................... समूहको निर्वाचनको मतपत्र**

मत संख्या (अङ्कमा ..........................., अक्षरमा ..........................................................)

| क्र.सं. | उम्मेदवारको नाम | चिन्ह लगाउने |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

दस्तखत:

निर्वाचन अधिकृत: कम्पनीको छाप:

स्पष्टीकरण: *मत पाउने उम्मेदवारको अघिल्लो कोठामा (...) चिन्ह लगाउनु पर्नेछ।*

*अनुसूची -१४*

नियम १९(ग) संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

मतदान शुरु हुनु अघि मतपेटीका बन्द गरेको

<u>मुचुल्का</u>

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ..................... समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा मतदानको लागि ....... वटा मतपेटीकाहरु हामी तपसिलका उम्मेदवार/ प्रतिनिधिहरुको रोहबरमा रीतपूर्वक बिर्को बन्द गरी मतपत्र खसाल्ने भाग मात्र खुल्ला राखी लाहाछाप लागेको व्यहोरा ठीक साचो हो।

तपसिल:

१. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

२. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

३. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

४. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

मिति:

समय:

स्थान:

दस्तखत:

निर्वाचन अधिकृत:

*अनुसूची -१५*

नियम २५(क) संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**<u>मतगणना मुचुल्का</u>**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ...................... समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा मतदानको लागि प्रयोग भएका ....... वटा शिलबन्दी मतपेटीकाहरु हामी तपसिलका उम्मेदवार/ प्रतिनिधिहरुको रोहबरमा रीतपूर्वक बिर्को खुला गरी मत गणनाका लागि मतपत्र निकाली आज मिति .................... गते .............. का दिन ....... बजे मत गणनाको कार्य सम्पन्न भएको ठीक साचो हो।

तपसिल:

१. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

२. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

३. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

४. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

मिति: दस्तखत:

समय: निर्वाचन अधिकृत:

स्थान:

*अनुसूची -१६*

नियम २५(ङ) संग सम्बन्धित

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको

### सञ्चालक निर्वाचनको मतगणना

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ...................... समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा भएको निर्वाचनमा उम्मेदवारले प्राप्त गरेको मत देहाय बमोजिम रहेको छ।

कुल मतदाता संख्या: ................................ कुल खसेको मत संख्या: .............................

कुल सदर मत संख्या: ............................. कुल बदर मत संख्या: .................................

| क्र.सं. | उम्मेदवारको नाम, थर | प्राप्त मत | जम्मा प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

दस्तखत:

निर्वाचन अधिकृत:

मिति:

मत गणना गर्ने कर्मचारी/ प्रतिनिधि

१.

२.

३.

४.

*अनुसूची -१७*

नियम २५(ज) संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**<u>अन्तिम मत परिणाम घोषणा</u>**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ...................... समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा भएको निर्वाचनको मत गणना मिति .......................... गते ......... बजेदेखि शुरु भई मिति .................... गते ........... बजे सम्पन्न भएको ठीक साचो हो। सो मतगणना अनुसार मतदान भएको जम्मा ............. मत मध्ये ................ मत बदर र ............... मत सदर भएकोमा सदर मत मध्ये .......................... समूहको शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा देहायका उम्मेदवारहरुले देहाय बमोजिमका मत प्राप्त गर्नु भएकोले यो निर्वाचन परिणाम प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

उपरोक्त मत परिणाम अनुसार ................. समुहबाट देहायका उम्मेदवारले बढी मत प्राप्त गर्नु भएको हुँदा .................. समूहबाट सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु।

१. उम्मेदवार श्री ................................................
२. उम्मेदवार श्री ................................................
३. उम्मेदवार श्री ................................................
४. उम्मेदवार श्री ................................................

दस्तखत:
निर्वाचन अधिकृत:
मिति:
समय:

कम्पनीको छाप:

*अनुसूची -१८*

नियम २५(झ) संग सम्बन्धित

**निर्वाचित प्रमाण-पत्र**

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड

**थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं।**

पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको मिति ...................... मा भएको ...... औं वार्षिक साधारण सभामा सम्पन्न निर्वाचनमा यस कम्पनीको ...................... समूहको शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा तपाँई श्री ................................. निर्वाचित हुनु भएकोले यो प्रमाण पत्र प्रदान गरिएको छ। यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

मिति: ...................................

........................

........................

निर्वाचन अधिकृत

*अनुसूची -१९*

नियम २८ संग सम्बन्धित

## <u>सञ्चालकको सपथ</u>

म ईश्वरलाई साक्षी राखी सत्य निष्ठाका साथ यस पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालकको हैसियतले कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्धपत्र तथा नियमावली र कम्पनीले जारी गर्ने निर्देशनको अधिनमा रही कम्पनीको सर्वोपरी हित सोची मैले आफ्नो योग्यता र क्षमताले भ्याएसम्म आफ्नो जिम्मेवारीको काम इमान्दारिपूर्वक निर्वाह गर्नेछु। कम्पनीप्रति उत्तरदायी रही कानूनले बाध्य गराएको अवस्थामा बाहेक कम्पनीको अहित हुने गरी प्रकाश गर्न नहुने कुरा म सञ्चालकको पद बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि गोप्य राखेछु भनि यो शपथ लिएको छु।

मिति: ................................

सञ्चलकको दस्तखत:

सञ्चालकको नाम:

*अनुसूची -२०*

नियम ३० संग सम्बन्धित

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको**

**बुझबुझारथ**

श्री कम्पनी सचिवज्यू,
पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड,
थापाथली -११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं।

विषय:- बुझबुझारथ गरेको बारे।

उपरोक्त सम्बन्धमा पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको ...... औं वार्षिक साधारण सभामा त्यस पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने .............................. समूहको शेयरधनीहरुको तर्फबाट .............. जना सञ्चालकहरुको निर्वाचन सम्पन्न गर्नका लागि मलाई निर्वाचन अधिकृत तोकी जिम्मेवारी दिनु भए बमोजिम निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्दै निर्वाचन प्रयोजनको लागि तयार भएका तथा सो निर्वाचनमा प्रयोग गरिएका सम्पूर्ण सक्कल लिखत, कागजातहरु समेत तपाँईको जिम्मामा रहने गरी आजका मितिमा बुझबुझारथ गरेको छु।

दस्तखत :
निर्वाचन अधिकृत:

माथि उल्लेख भए बमोजिम सम्पूर्ण लिखत कागजात मैले बुझिलिएको ठीक साँचो हो।

दस्तखत:
कम्पनी सचिव:
मिति:-

कम्पनीको छाप: